श्री

# तनहुँ जिल्ला अदालत

## इजलास

### माननीय जिल्ला न्यायाधीश श्री हरिश्चन्द्र ढुङ्गाना

### आदेश पर्चा

परिवर्तित नाम ०७८।७९ त कुमारको जाहेरीले नेपाल सरकार..........................................वादी

विरुद्द

पल शाह भन्ने पूर्णबिक्रम शाह समेत..............................................................................प्रतिवादी

मुद्दाः- जवरजस्ती करणी (०७८-C1-०१३५)

यस्मा अभियोग पत्रसाथ उपस्थित गराईएका प्रतिवादीहरु पल शाह भन्ने पूर्णबिक्रम शाह र कृष्ण जोशी भन्ने कृष्णप्रसाद जोशीको बयान लिने कार्य पुरा भई थुनछेक प्रयोजनार्थ वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री रामचन्द्र शर्मा एवं सहायक जिल्ला न्यायाधिवक्ता श्री विपिनराज तिवारी र जाहेरवालाको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री एक नारायण गौतम, श्री मोहना अन्सारी, श्री शिवराज काफ्ले, श्री किशोर सापकोटा, श्री राधिका खतिवडा, श्री विमल प्रसाद लामिछाने, श्री सरिता तिवारीले र प्रतिवादीहरुको तर्फवाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता त्रय श्री लव मैनाली, श्री कमलामोहन वाग्ले र श्री यदुनाथ खनाल तथा विद्धान अधिवक्ताहरु श्री परशुराम गिरी, श्री जगदिशचन्द्र पाण्डे, श्री यज्ञ बहादुर राना, श्री भानुभक्त सुबेदी, श्री गोकुल भण्डारी, श्री सरिता थापा भण्डारी, श्री माघब घिमिरे, श्री रामचन्द्र (आर सी) गौतम र श्री विपिन सुबेदीले गर्नु भएको बहस समेत सुनियो।

प्रस्तुत मुद्दाको अभियोग पत्र हेर्दा यस्मा प्रतिबादी पल शाह भन्ने पूर्ण विक्रम शाहले जाहेरवाला परिवर्तित नाम ०७८/८९ त कुमारकी छोरी वर्ष १५ की परिवर्तित नाम ०७८/८९ ब्यास १२ लाई ललाई फकाई पहिले पनि पटक पटक जवरजस्ती करणी गर्दै आएको र पछिल्लो पटक मिति २०७८।१।१४ गते शुक्लागण्डकी नगरपालिका, वडा नं ४ दुलेगौडास्थित प्रदिप थापाको घर कोठामा राती अं ११.४५ बजे म तिमीसँग विवाह गर्दछु भनी ललाई फकाई अनुचित प्रभावमा पारी जवरजस्ती करणी गरेको देखिन आएको हुनाले निज प्रतिबादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) अनुसारको कसूरमा सोही दफा २१९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय गरी पाउँ। साथै अर्का प्रतिबादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीले वारदात अघि पीडित र प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहकावीच सम्बन्ध बनाउने तथा नजिक हुने वातावरण मिलाउनुका साथै उक्त घटना वारदात पछि पल शाह भन्ने पूर्णविक्रम शाहलाई कसूरबाट जोगाउने उद्देश्यले पीडितलाई पल शाह भन्ने पूर्णविक्रम शाह विरुद्द उजुरी नगर्नु भनी डरत्रास देखाउने तथा धम्क्याउने कार्य गरेको हुनाले निज प्रतिबादीलाई माथि उल्लेखित कसूरको

मतियारका हिसावले मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय गरी पीडितलाई प्रतिबादीहरुबाट मनासिव क्षतिपूर्ती समेत दिलाई भराई पाउँ भन्ने अभियोग माग दावी रहेको देखिन्छ ।

अव प्रतिबादीमध्येका पल शाह भन्ने पूर्णविक्रम शाहको हकमा के कस्तो प्रक्रीयाबाट मुद्दाको कारवाही अघि बढाउन उपयुक्त हुने हो भन्ने सम्बन्धमा अभियोग पत्रसाथ संकलित मिसिल कागजात हेर्दा प्रस्तुत मुद्दामा मेरी छोरी परिवर्तित नाम ०७८/८९ ब्यास १२ ले केही वर्षदेखि गायनको क्षेत्रमा राम्रो ख्याती कमाएकी र पल शाह भन्ने पूर्णविक्रम शाहसंग म्युजिक भिडियो सुटिङ गर्ने क्रममा राम्रो चिनजान भएपछि निजले म तिमीलाई विवाह गर्छु भनी प्रेमको झुठो नाटक गरी जवरजस्ती करणी गर्दै आएको र पछिल्लो पटक मिति २०७८।१।१४ गते तनहुँ जिल्लाको शुक्लागण्डकी न. पा., वडा नं ४ दुलेगौडास्थित प्रदिप थापाको घरमा राती १२ बजेतिर छोरीको कोठामा प्रवेश गरी ललाई फकाई नावालक छोरीलाई जवरजस्ती करणी गरेको भनी छोरीले बताएकी हुनाले निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गरी प्रतिबादीबाट क्षतिपूर्ती समेत दिलाई भराई पाउँ भनी जाहेरवालाको तर्फबाट जाहेरी परेपश्चात अनुसन्धान कार्य अघि बढेको प्रस्तुत मुद्दामा पीडितले मेरो सांगितिक क्षेत्रमा काम गर्दा पल शाह भन्ने पूर्णविक्रम शाहसंग चिनजान भई संगै म्युजिक भिडियो सुटिङ गर्दा निजले मेरो केयर गर्ने र माया प्रेम गरेको विश्वासमा पारी यस अघि पोखरा तथा गैडाकोटस्थित होटलमा दुई पटक जवरजस्ती करणी गरेको र पछिल्लो पटक मिति २०७८।१।१४ गते तनहुँ जिल्लाको शुक्लागण्डकी न. पा., वडा नं ४ दुलेगौडास्थित प्रदिप थापाको घरमा राती १२ बजेतिर म तिम्रो कोठामा आउछु भनी म्यासेज गरी म सुतेको कोठामा आई मलाई विवाह गर्ने झूठो आश्वासन देखाई मैले इन्कार गर्दा गर्दै पनि मेरो कपडा खोली आफ्नो उत्तेजित लिंग मेरो योनीमा छिराई जबरजस्ती करणी गरेका हुन् भनी संरक्षकको रोहवरमा घटना विवरण कागज गरी दिएको देखिन्छ । त्यसैगरी जाहेरी पर्नसाथ गरिएको पीडितको शारीरिक परीक्षण रिपोर्ट हेर्दा **Healed laceratIon on 5 o' clock and 7 o' clock position of hymen and 5mm abrassion on posterior fourchette** भनी उल्लेख भएको देखिन्छ । सोही परीक्षण रिपोर्टमा सिनेकर्मी पल शाह भन्ने पूर्णबिक्रम शाहले निज पीडितलाई विवाह गर्छु भनी ललाई फकाई पटक पटक बिभिन्न ठाउँका होटलमा र मिति २०७८।१।१४ गते दुलेगौडास्थित प्रदिप थापाको घरकोठामा जवरजस्ती करणी गरेको भनी पीडितले बताए अनुसारको ब्यहोरा चिकित्सकले उल्लेख गरेको पाइयो ।

प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहले यस अदालतमा बयान गर्ने क्रममा म र पीडित उक्त मिति २०७८।१।१४ गते राती दुलेगौडास्थित प्रदिप थापाको घरमा अलग अलग कोठामा सुतेका हौं, म राती पीडितको कोठामा गएको होइन भनेतापनि निजले अधिकारप्राप्त अधिकारी समक्ष मौकामा बयान गर्दा म्युजिक भिडियो सुटिङ गर्ने क्रममा म र पीडित विभिन्न ठाउँमा संगै बस्ने तथा हिड्ने गरेका हौं। मिति २०७८।१।१४ गते साँझ तनहुँ जिल्लाको दुलेगौडास्थित प्रदिप थापाको

घरमा बास बसी साथिहरुसंग संगै बसी वियर खाएको र राती ११.४५ बजैतिर पीडितलाई म्यासेज गरी बाँकी रहेको वियर लिएर निज सुत्ने कोठामा गई ढोका धकेली भित्र पसी निजलाई वियर खान दिई मैले फेस वास गरी आफ्नो कोठामा आई सुतेको हुँ। तत्पश्चात २०७८ सालको जेठ महिनाको अन्तिमतिर पीडितले मलाई फोन गरी तपाई र मेरो सम्बन्ध अरुले थाहा पाए, मलाई गाह्रो पर्ने भयो, महिनावारी पनि रोकियो, तपाइले मलाई स्वीकार्नु पर्दछ भनी म्यासेज गरेकी थिइन्। सोही असार महिनामा पीडित, निजका बाबु आमा, साथिहरु दुर्गेश थापा, सरोज ओली, योगेश काजी, कृष्ण जोशी र म समेत भई छलफल गर्ने क्रममा पीडित पक्षले मलाई तिमीले पीडितसंग विवाह गर्नु पर्दछ भनेकाले मैले उमेर पुगेपछि विवाह गरौंला, अहिले केटीको उमेर पुगेको छैन भनेको थिएँ। पीडित १८ वर्ष भन्दा कम उमेरकी वालिका हुन् भन्ने मलाई पूर्ण रुपमा थाहा थियो। पीडित पक्षले पेश गरेको अडियो रेकर्डमा भएको स्वर मध्ये गर्लफ्रेण्ड तथा ब्वाइफ्रेण्ड बीच हुनु भनेको नर्मल हो भन्ने शब्दहरु मैले बोलेको हुँ भनी बताएको देखिन्छ।

यस प्रकार प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहले पीडितलाई जवरजस्ती करणी गरेको कुरामा पूर्णतः इन्कार गरेको भएतापनि निजले मौकामा गरेको बयान हेर्दा राती करिव १२ बजेतिर पीडितलाई म्यासेज गरी साथीहरुसंग खाई बाँकी रहेको वियर लिएर पीडितको कोठामा प्रवेश गरेको तथ्यलाई निज प्रतिबादीले स्वीकार गरेको पाइयो। एक्लै सुतेकी वालिकाको कोठामा राती १२ बजेतिर प्रवेश गर्नु पर्ने कुनै औचित्यता प्रतिबादीले देखाउन सकेको पाइएन। यसरी राती पीडितको कोठामा प्रवेश गरेको भन्ने प्रतिबादीको स्वीकारोक्ती सोही राती निजले पीडितलाई जवरजस्ती करणी गरेको तथ्यसंग मिल्न भिड्न आएको देखियो।

प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहले आफूलाई माया प्रेम गर्ने तथा विवाह गर्ने झुठो आश्वासन दिई पहिले पनि पटक पटक जवरजस्ती करणी गरेको भन्ने कुरा पीडितले मौकामा ब्यक्त गरेको घटना विवरण कागजबाट देखिन्छ। त्यसैगरी उनले आफूलाई प्रतिबादीले पटक पटक करणी गर्ने गरेको कारण अप्ठेरो परेको छ भनी बताएकी थिइन् भन्ने कुरा मौकामा कागज गर्ने परिवर्तित नाम स कुमारी, सरोज ओली भन्ने पुन्य प्रसाद ओली, योगेश शाह, दुर्गेश थापा भन्ने दुर्गा बहादुर थापा र दुर्गा अधिकारीको कथनबाट समेत समर्थित हुन आएको पाईयो।

पीडित नावालक हुन् भन्ने कुरा प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहलाई पूर्ण जानकारी छ। उनी ३२ वर्षीय वयष्क ब्यक्ति हुन्। प्रतिबादीले ब्वाइफ्रेण्ड गर्लफ्रेण्डबीच सम्बन्ध हुनु नर्मल हो, प्रेगनेन्ट भएको खण्डमा मात्र निजलाई स्वीकार गर्ने कुरा आउँछ भनी छलफलको क्रममा भनेको अडियो रेकर्डको विश्लेषण गर्दा निज प्रतिबादीले परिवर्तित नाम ०७८/८९ ब्यास -१२ लाई करणी गरेको तथ्यलाई थप पुष्ट्याई हुन आएको देखिन्छ। सो कुरा प्रतिबादीले पीडित तथा निजका बाबु आमा र हाम्रो उपस्थितिमा भएको छलफलमा भनेका थिए भनी दुर्गा बहादुर थापा, पुन्यप्रसाद ओली, कमल खत्री समेतले मौकामा कागज गर्दा समेत प्रष्ट रुपमा लेखाई दिएको पाइन्छ।

जहाँसम्म घटना वारदात भएको भनिएको करिव १० महिना पछि जाहेरी परेको हुँदा त्यस्तो जाहेरी After thought statement भएको हुँदा उक्त जाहेरीलाई ग्रहण गरी प्रतिवादीहरु उपर मुद्दा चलाउन मिल्दैन भनी प्रतिबादी पक्षका कानूनविद्हरुले उठाउनु भएको बहस जिकीरको सन्दर्भ छ, तत्सम्बन्धमा प्रतिबादी र आफू एउटै फिल्डमा लागेकाले कानूनी उपचारमा जाँदा आफ्नो क्यारिअरमा असर पर्ने होकि भन्ने विषयमा विचार विमर्श गर्दा गर्दै पीडितको तर्फबाट जाहेरी दिन ढिलो भएको भन्ने वादी तथा जाहेरवाला पक्षका कानूनविद्हरुको तर्कसंग असहमत हुनु पर्ने अवस्था देखिएन । आफू कहिले कसरी न्यायिक उपचारमा जाने हो र त्यसरी जाँदा दीर्घकालिन रुपमा के कस्तो परिस्थिति वा असहजता आउन सक्दछ भन्ने विषयमा पीडित तथा निजका संरक्षकले गंभीर ढंगले सोच्न र विचार विमर्श गर्न पाउनु पर्ने कुरालाई नकार्न सकिदैन । प्रस्तुत मुद्दामा मिति २०७८।१।१४ मा घटना वारदात भएकोमा सो मितिले एक वर्षभित्रै जाहेरी परी प्रस्तुत अभियोग पत्र दायर हुन आएको देखिन्छ । त्यसरी समयमा जाहेरी नगर्नुको पछाडिको कारण, अवस्था र परिस्थितिका विषयमा पछि प्रमाण बुझ्दै जाँदाका अवस्थामा समेत प्रष्ट हुने भएकोले थुनछेकको रोहमा त्यसलाई थप विश्लेषण गरी रहन आवश्यक देखिएन ।

माथिका प्रकरणमा उल्लेख भएअनुसार प्रतिबादी पल शाह भन्ने पूणविक्रम शाह उपर परेको किटानी जाहेरी, मलाई प्रतिबादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले यो ठाउँमा यसरी जवरजस्ती करणी गरेको हो भनी पीडितले मौकामा गरी दिएको घटना विवरण कागज, पीडितको शारीरिक जाँच परीक्षण रिपोर्ट, उक्त राती १२ बजेतिर पीडितको कोठामा प्रवेश गरेको हुँ भनी प्रतिबादीले अधिकारप्राप्त अधिकारी समक्ष दिएको बयान, उक्त घटना वारदातका विषयमा थाहा पाउने ब्यक्तिहरु परिवर्तित नाम स कुमारी, दुर्गेश थापा भन्ने दुर्गा बहादुर थापा, कमल खत्री, सरोज ओली भन्ने पुन्य प्रसाद ओली, योगेश काजी भन्ने योगेश शाह र दुर्गा अधिकारीले पीडितलाई प्रतिबादीले जवरजस्ती करणी गरेको कारण आफूलाई अप्ठरो परेको भनी पीडितले गुनासो गरेपछि न्यायिक कारवाहीमा जाने विषयमा छलफल समेत भएको हो भनी लेखाई दिएको घटना विवरण कागज लगायतका तत्काल प्राप्त प्रमाणका आधारमा विश्लेषण गर्दा प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहले वर्ष १५ की परिवर्तित नाम ०७८/७९ ब्यास- १२ लाई ललाई फकाई विवाह गर्छु भनी प्रलोभन देखाई जवरजस्ती करणी गरेको देखिन आएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिबादी पल शाह भन्ने पूर्णविक्रमा शाहलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) बमोजिम थुनामा राखी पुर्पक्ष गर्ने गरी रीतपूर्वक थुनुवा पूर्जी दिई कारागार कार्यालय, दमौली, तनहुँमा पठाई दिनु ।

अव, अर्का प्रतिबादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीको हकमा थुनछेकतर्फ विचार गर्दा निजले पल शाह भन्ने पूर्णविक्रम शाह र पीडित वालिका परिवर्तित नाम ०७८/७९ ब्यास -१२ का बीच सुमधुर सम्बन्ध जुटाउने वातावरण मिलाई दिएको तथा उक्त घटना वारदातपछि सह-प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहलाई जोगाउने उदेश्यले उक्त घटना प्रकाशमा नल्याउन तथा

उजुर वाजुर नगर्नका निम्ति पिडितलाई दवाव दिने तथा धम्क्याउने लगायतका कृयाकलाप गरी जवरजस्ती करणी सम्बन्धी कसूरको मतियारको कार्य गरेको भन्ने अभियोग पत्रबाट देखिन्छ। जाहेरवालाले शुरुमा जाहेरी दिदा तथा पीडितले कागज गर्दा यी प्रतिबादी कृष्ण प्रसाद जोशीलाई पोलेको नभै पछि मिति २०७८।११।२९ मा आएर पुरक जाहेरी परेको र त्यस्को लगत्तै पीडितले पनि निजको नाम समेत लेखाएको देखिन आयो।

प्रस्तुत मिसिल कागजात हेर्दा यस्मा प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहले पीडितलाई पहिले पहिले पनि जबरजस्ती करणी लगायत यौनजन्य दुर्व्यबहार गरेको सन्दर्भ उल्लेख भएतापनि मूलतः मिति २०७८।१।१४ गतेको घटना वारदातलाई लिएर यो मुद्दा दायर भएको हुंदा प्रस्तुत मुद्दाको कारवाही र निर्णय सोही घटना वारदातसंग मात्र सीमित रहनु पर्ने कुरामा विवाद रहेन। प्रतिबादी कृष्णप्रसाद जोशीले मौकामा र यस अदालतमा समेत बयान गर्दा आफू सह-प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहले दिएको तलबमा काम गर्ने म्यानेजर भएको नाताले निज र पीडित दुबै जनासँग राम्रो सम्बन्ध भएको र पीडितलाई प्रतिबादीले जवरजस्ती करणी गरेको कुरा निज पीडितले भनेपछि मात्र थाहा पाएको हुँ। मैले सह-प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाहलाई त्यस्तो नराम्रो काम गर्न कहिल्यै पनि सहयोग गरेको छैन भनी अभियोग दावीमा पूर्णतः इन्कार रहेको देखिन्छ।

वास्तवमा मतियार भनेको कुनैपनि घटना वारदातसंग प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहेको व्यक्ति हो। मतियारले पनि कुनै कसूरजन्य कार्य गर्ने गराउने मनसायपूर्वक मुख्य कसूरदारलाई कसूर गर्न सहयोग हुने गरी कुनै काम कारवाही वा कृयाकलाप गरेको हुनाले उस्ले गरेको कार्य अनुसार निजलाई पनि फौजदारी दायित्वप्रति कुनै न कुनै रुपमा जिम्मेवार बनाईएको हुन्छ। प्रस्तुत मिसिल कागजात हेर्दा तनहुँ जिल्लाको दुलेगौंडास्थित प्रदिप थापाको घरमा मिति २०७८।१।१४ गते घटेको घटना वारदातको सन्दर्भमा प्रतिबादी कृष्ण प्रसाद जोशी उक्त म्युजिक भिडियो सुटिङ टोलीमा गएको वा निजले पीडित समेतलाई प्रदिप थापाको घरमा बस्ने ब्यवस्था मिलाएको वा पीडितलाई जवरजस्ती करणी गर्ने सिलसिलामा प्रतिबादी पल शाह भन्ने पूणविक्रम शाहसँग सरसलल्लाह गरी चाँजोपाँजो मिलाई दिएको भन्ने कुरा जाहेरी लगायत मिसिल संलग्न कुनै पनि कागजातबाट बष्तुनिष्ठ तवरले खुल्न आएको देखिदैन। जहाँसम्म प्रतिबादी कृष्ण प्रसाद जोशीले उक्त घटना वारदातपछि सह-प्रतिबादी पल शाह भन्ने पूणविक्रम शाह विरुद्द उजुरवाजुर नगर्न तथा त्यसरी न्यायिक कारवाहीतर्फ गए नराम्रो हुनेछ भनी पीडितलाई डरत्रास देखाई धम्की समेत दिएको भन्ने सन्दर्भ छ, तत्सम्बन्धमा यी प्रतिबादीले गरेको उक्त कार्य कसूरबारे सूचना दिन वाधा अवरोध गरेको विषयसँग सम्बन्धित देखिन्छ र त्यस्तो कार्यका निम्ति कानूनले छुट्टै फौजदारी दायित्वको ब्यवस्था गरेको पाईन्छ। प्रस्तुत मुद्दामा उल्लेखित विषयतर्फ अभियोजन पक्षबाट समुचित ध्यान पुग्न सकेको पाइएन।

कुनै पनि मुद्दामा कस्तो ब्यक्तिलाई मतियार मानिन्छ भन्ने सम्बन्धमा Johnson vs. Younden, KBD, 1950 को मुद्दामा बेलायतको क्वीन्स बेञ्चले Before a person can be convicted of aiding and abetting the commission of an offence, he must at least know the essential matters which constitute the offence भनी उल्लेख गरेको छ । हाम्रो न्यायिक विधिशास्त्रीय दृष्टीकोणतर्फ हेर्दा कुनै व्यक्तिलाई मतियार भनी सजाय गर्नको लागि उसलाई कसूरका अनिवार्य तत्त्वबारे जानकारी रहनु पर्ने कुरा एउटा पूर्वशर्त हो भने कसूरबारे जानकारी र साझा योजनामा सहभागिताको अतिरिक्त उसले गरेको कार्यबाट मूल कसूरदारमा उत्साह थपिएको स्पष्टत: देखिन्छ वा देखिदैन भन्ने कुराहरू पनि मतियारको आपराधिक दायित्व यकिन गर्ने क्रममा हेरिनु पर्ने हुन्छ । मुख्य कसूरदारको हकमा मनसाय (Mens rea) पत्ता लगाउने सन्दर्भमा उसको कार्य (Actus reus) हेरिन्छ भने मतियारको हकमा पनि सोही माध्यम प्रयोग गरिनुपर्दछ भनी श्रवण कुमार श्रेष्ठको जाहेरीले बादी नेपाल सरकार प्रतिबादी दिलिप बस्याल समेत भएको कर्तब्य ज्यान मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मतियार हुनका लागी आधारभुत तत्वहरुका विषयमा ब्याख्या भई न्यायिक सिद्दान्त ( ने.का.प. २०७७, भाग ६२, अंक २, नि.नं. १०४३०, पूर्ण इजलास) प्रतिपादन भएको देखिन्छ । प्रस्तुत न्यायिक सिद्दान्तलाई यस मुद्दाका प्रतिबादी कृष्ण प्रसाद जोशीको हकमा पनि विचार गर्नु पर्ने देखिन आयो ।

माथिका प्रकरणहरुमा उल्लेख भए अनुसार प्रतिबादी कृष्ण प्रसाद जोशीले मिति २०७८।१।१४ को घटना वारदात गर्ने गराउने कार्यमा मतियारको भूमिका निर्वाह गरेको भन्ने कुरा जाहेरवालाले पछि दिएको पुरक जाहेरी र पीडितले पछि पुन: गरी दिएको घटना विवरण कागज वाहेक अन्य वस्तुनिष्ठ आधार प्रमाणबाट देखिन नआएको हुँदा निज प्रतिबादीलाई प्रस्तुत मुद्दामा थुनछेकको सन्दर्भमा थुनामा नै राख्नु पर्ने सम्मको अवस्था देखिएन । तत्काल प्राप्त प्रमाणको उक्त अवस्थाको विद्यमानताको वावजुद यी प्रतिबादीले सो घटना वारदातबारे समयमै थाहा पाएर पनि पीडितलाई न्यायिक उपचारमा जान सल्लाह सुझाव दिनुको सट्टा उल्टै पीडितलाई उजुर वाजुर गर्न अवरोध पुर्याउने तथा धम्क्याउने र डरत्रास देखाउने जस्ता कार्य गरेको तथ्य मिसिल कागजातबाट देखिन्छ । सो कुरालाई प्रतिबादी स्वयंले अधिकारप्राप्त अधिकारी समक्ष बयानको क्रममा समेत स्वीकार गरेको अवस्था छ । साथै उक्त तथ्य पुरक जाहेरी ब्यहोरा तथा पीडित लगायत घटना विवरणको कागज गर्ने दुर्गा अधिकारीको कागजबाट समेत समर्थित भएको पाइन्छ । अत: प्रस्तुत घटना वारदातको प्रकृति, आरोपित कसूरको गंभीरता र घटना वारदात पश्चात पीडितप्रति प्रतिबादीले देखाएको गैरजिम्मेवारपूर्ण कृयाकलापलाई दृष्टीगत गर्दा यी प्रतिबादी उपर रहन सक्ने फौजदारी दायित्वलाई निरपेक्ष रुपबाट हेर्न सकिने अवस्था देखिएन । तसर्थ पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुनेगरी हाललाई प्रतिबादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशीको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को उपदफा (१) बमोजिम सोही संहिताको दफा ७२ मा उल्लेखित आधार र अवस्थाहरुलाई समेत विचार गरी निज प्रतिबादी कृष्ण जोशी भन्ने

कृष्ण प्रसाद जोशीबाट रु. १,००,०००।- (एक लाख रुपैयाँ) धरौटी माग गरी निजले उक्त धरौटी दिए तारेखमा राखी र दिन नसके थुनामा राख्न पठाई मुद्दाको पुर्पक्ष गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश पर्चा गरी दिएको छ ।

प्रस्तुत मुद्दामा प्रतिबादी चुक्ता भैसकेको र यो मुद्दा लगातार कारवाही तथा सुनवाई गर्नु पर्ने प्रकृतीको समेत देखिएको हुंदा यथासमयमै जाहेरवाला, पीडित लगायत बादी पक्षका साक्षी जिल्ला सरकारी वकील कार्यालय, तनहुँ मार्फत र प्रतिबादी पक्षका साक्षी निजैहरु मार्फत झिकाई बकपत्रको कार्य सम्पन्न भएपछि नियमानुसार पेश गर्नु ।

साथै प्रस्तुत मुद्दा यस अदालतमा विचारधीन रहेको र साक्षी प्रमाण बुझ्ने समेतको कार्य बाँकी नै रहेको हुनाले अनुसन्धान, अभियोजन एवं न्यायिक काम कारवाहीको विषयमा र पीडित तथा प्रतिबादी लगायत निजहरुका परिवारजन समेत उपर अमर्यादित र अश्लील ढंगले टिका टिप्पणी नगरी दिनका निम्ति आम सञ्चार माध्यम, कानून ब्यवसायी र सर्वसाधारण सबैमा यो इजलास विनम्र अनुरोध गर्दछ ।

२०७८।१२।१०।५

आदेश सुनी सहिछाप गर्ने: जिल्ला न्यायाधीश

प्रतिबादी पल शाह भन्ने पूर्णविक्रम शाह ।

प्रतिबादी कृष्ण जोशी भन्ने कृष्ण प्रसाद जोशी ।

इती सम्वत् २०७८ साल चैत्र १० गते रोज ५ शुभम् ..................................................